# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ४४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ऊँरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## होटेल कर ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : होटेल कर ऐन, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९.०४

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "होटेल कर (तेश्रो संशोधन) ऐन, २०४८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>होटेल कर ऐन, २०१८ को दफा २ मा संशोधन</u> : होटेल कर ऐन, २०१८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को, -

(१) खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएकोछः-

"तर तार, टिकट र टेलिफोन जस्ता खर्च र ग्राहकको तर्फबाट कुनै सरकारी निकाय वा संस्थानलाई बुझाएको कर, दस्तूर वा किराया जस्ता खर्च समावेश हुने छैन।"

(२) खण्ड (छ) मा रहेका "तोकेको कर अधिकृत" भन्ने शब्दहरू पछि "वरिष्ठ कर अधिकृत" भन्ने शब्दहरू थपिएका छन्।

(३) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छ :-

"(छ१) "महानिर्देशक" भन्नाले कर विभागको महानिर्देशक सम्झनु पर्छ।"

३. <u>मूल ऐनको दफा ५ मा संशोधन</u> : मूल ऐनको दफा ५ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दुई महीना" भन्ने शब्दहरूको सट्टा "तीन महीना" भन्ने शब्दहरू राखिएका छन्।

४. <u>मूल ऐनको दफा ६ मा संशोधन</u> : मूल ऐनको दफा ६ को, -


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपदफा (५) मा रहेका "कर अधिकृतले मनासिब ठानेमा" भन्ने शब्दहरू पछि "होटेलले पाउने वा पाई रहेको सबै प्रकारका सुविधाहरू रोक्का गर्न वा होटेल बन्द गर्न आदेश दिन सक्नेछ। त्यसरी सुविधाहरू रोक्का गर्न वा होटेल बन्द गर्ने आदेश दिंदा कर अधिकृतले त्यसको कारण खुलाई पर्चा खडा गर्नु पर्नेछ।" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (६) मा रहेका "वा कर निर्देशक" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

"(७) कुनै होटेलको मालिकले यो ऐन बमोजिम दाखिल गर्नु पर्ने लगत, निस्सा, बील, प्रमाण वा सूचना म्याद भित्र दाखिल गर्न नसक्ने स्पष्ट कारण खोली सोही म्याद भित्र कर अधिकृत समक्ष थप म्यादको लागि निवेदन दिएमा कर अधिकृतले निवेदनमा उल्लेखित कारण मनासिब देखेमा बढीमा अर्को एक महीनासम्मको थप म्याद दिन सक्नेछ।"

५. <u>मूल ऐनमा दफा ६क. र ६ख. थप</u> : मूल ऐनको दफा ६ पछि देहायका दफा ६क. र ६ख. थपिएका छन् :-

"६क. <u>कर निर्धारण गर्न सकिने</u> : (१) कुनै होटेल मालिकले यस ऐन बमोजिम दाखिल गर्नु पर्ने लगत, बील, निस्सा र सूचना म्यादभित्र दाखिल नगरेमा वा कर छल्ने उद्देश्यले झुठ्ठा वा फरक पारी दाखिल गरेको ठहरेमा कर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकृतले लाग्ने कर निर्धारण गरी होटेल मालिकबाट असूल गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कर अधिकृतले कर निर्धारण गर्दा होटेल मालिकबाट दाखिल हुन आएको लगत, बील, निस्सा, सूचना आदि कागजपत्रका अतिरिक्त देहायका कुनै आधारमा समेत कर निर्धारण गर्न सक्नेछ :-

(क) कर निरीक्षक वा अरू कसैको तथ्यपूर्ण ठहरिएको गोप्य प्रतिवेदन,

(ख) आय करको प्रयोजनको लागि कायम भएको बिक्री कारोवारको आधार वा यस्तै किसिमको कारोवार गर्ने अन्य होटेलले तिरेको होटेल करको आधार,

(ग) त्यस्तो होटेलको कारोवारको सम्बन्धमा प्राप्त गरेको लगत तथ्यांक,

(घ) मनासिव सम्झेको अन्य कुनै आधार।

६ख. <u>कर निर्धारण समिति गठन गर्न सक्ने</u> : (१) प्रचलित कानून बमोजिम अनिवार्य रूपमा लेखापरीक्षण गराउनु पर्ने कर्तव्य भएको होटेल र तोकिएको होटेल बाहेक आफ्नो कारोवारको रीतपूर्वक लेखा नराख्ने होटेलको वार्षिक कर तोकी मासिक रूपमा असूल उपर गर्ने प्रयोजनको लागि श्री ५ को


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१६०६

सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कर निर्धारण समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य, अधिकार र कार्यविधि तोकिए बमोजिम हुनेछ।"

६. <u>मूल ऐनको दफा ७ मा संशोधन</u> : मूल ऐनको दफा ७ मा रहेका "श्री ५ को सरकारको कर विभागका डाइरेक्टरका आदेशले" भन्ने शब्दहरूको सट्टा "महानिर्देशकका आदेशले" भन्ने शब्दहरू राखिएका छन्।

७. <u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-

"८. <u>जरिवाना</u> : (१) कुनै होटेलको मालिकले यो ऐन बमोजिम ग्राहकबाट असूल गर्नु पर्ने करको रकम असूल नगरेमा कर अधिकृतले सो करको रकम सोही होटेलको मालिकबाट जरिवानाको रूपमा असूल गर्नु पर्नेछ।

(२) कुनै होटेलको मालिकले यो ऐन बमोजिम दाखिल गर्नु पर्ने लगत, निस्सा, बील, प्रमाण वा सूचना म्याद भित्र दाखिल नगरेमा कर अधिकृतले त्यस्तो होटेल मालिकलाई एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) कुनै होटेलको मालिकले दाखिल गरेको लगत, निस्सा, बील, प्रमाण वा सूचना कर छल्ने उद्देश्यले झुठ्ठा वा फरक पारी दाखिल गरेको ठहरी दफा ६क. बमोजिम कर निर्धारण भएकोमा कर अधिकृतले घटी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुन गएको वा घटी हुन जाने करको रकम सो होटेलको मालिकबाट असूल गरी निजलाई सोही रकम बराबर जरिवाना समेत गर्नु पर्नेछ।

(४) कुनै होटेलको मालिक वा कर्मचारीले कर अधिकृत वा निजले खटाएको कर्मचारीलाई होटेलको जाँचबुझ निरीक्षण गर्ने क्रममा बाधा अवरोध पु-याएमा वा जाँचबुझ निरीक्षणको सन्दर्भमा मागेको हिसाब किताब वा अरू कागजपत्रहरू उपलब्ध नगराएमा वा झुठ्ठा हिसाब किताब वा कागजपत्रहरू उपलब्ध गराएमा त्यस्तो होटेलको मालिक वा कर्मचारीलाई कर अधिकृतले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) कुनै होटेलको मालिकले म्याद भित्र करको रकम दाखिल नगरेमा सो म्याद नाघेको एक महीनासम्म कर रकमको पाँच प्रतिशत, दुई महीनासम्म दश प्रतिशत र तीन महीनासम्म प्रन्ध्र प्रतिशतका दरले जरिवाना हुनेछ। तीन महीनासम्म पनि करको रकम दाखिल नगर्ने होटेलको मालिकलाई वार्षिक दश प्रतिशतका दरले थप जरिवाना समेत हुनेछ।

(६) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेशको बर्खिलाप काम कारवाही गर्ने गराउनेलाई यो ऐनमा खास सजाय भएकोमा बाहेक कर अधिकृतले पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

१६०५

८. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छ :-

"१०. मिन्हा गर्न सक्ने : यस ऐन बमोजिम लागेको जरियाना कुनै खास अवस्थामा मिन्हा गर्नु पर्ने आवश्यक देखेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आंशिक वा पूर्णरूपमा मिन्हा गर्न सक्नेछ।"

९. मूल ऐनको दफा १०क. मा संशोधन : मूल ऐनको दफा १०क. को सट्टा देहायको दफा १०क. राखिएको छ :-

"१०क. कर नलाग्ने : यस ऐनको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका ग्राहकहरूले भुक्तानी गर्ने ग्राहक खर्चमा कर लाग्ने छैन :-

(क) बसोबासको लागि प्रत्येक ग्राहक पिच्छे दैनिक पच्चीस रूपैयाँ वा सो भन्दा घटी कियरामा बसोबासको सुविधा दिने होटेलको ग्राहकबाट भुक्तानी गरिने ग्राहक खर्चमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४१०

(ख) नेपाल अधिराज्य भित्र कुटनैतिक सुविधा प्राप्त व्यक्तिहरूबाट भुक्तानी गरिने ग्राहक खर्चमा,

(ग) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको व्यक्ति वा संस्थाको ग्राहक खर्चमा।"

१०. रुपान्तर : मूल ऐनको ठाउँ ठाउँमा रहेका "निर्देशक" भन्ने शब्दको सट्टा "महानिर्देशक" भन्ने शब्द राखिएको छ।

लालमोहर सदर मिति :– २०४८।१२।३०।१

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।